# Rural Microfinance Development Centre Ltd.

RMDC

Putalisadak, Kathmandu, Nepal.

## Unaudited Financial Results (Quarterly)

### As at Second Quarter (30/09/2071) of the Fiscal Year 2071/72

(Rs. in '000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **5,279,370.21** | **5,396,784.45** | **5,139,983.82** |
| 1.1 | Paid-up Capital | 572,000.00 | 572,000.00 | 520,000.00 |
| 1.2 | Reserves and Surplus | 1,071,194.23 | 1,043,444.17 | 1,103,098.27 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3,275,125.26 | 3,381,238.21 | 3,231,832.80 |
| 1.5 | Deposits (a+b) | - | - | - |
| | a. Member | | | |
| | b. Public | | | |
| 1.6 | Income Tax Liabilities | 26,525.23 | 79,293.90 | 31,510.91 |
| 1.7 | Other Liabilities | 334,525.49 | 320,808.17 | 253,541.84 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **5,279,370.21** | **5,396,784.45** | **5,139,983.82** |
| 2.1 | Cash & Bank Balance | 281,441.78 | 190,279.74 | 441,786.57 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 1,405,484.63 | 1,890,484.63 | 2,116,427.49 |
| 2.4 | Loans & Advances | 3,526,133.25 | 3,209,756.50 | 2,502,247.75 |
| 2.5 | Fixed Assets | 1,937.50 | 1,942.86 | 2,168.46 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 64,373.05 | 104,320.72 | 77,353.55 |
| **3** | **Profit and Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 166,578.13 | 86,699.08 | 172,707.95 |
| 3.2 | Interest Expense | 35,794.94 | 18,501.61 | 40,531.66 |
| | **A. Net Interest Income (3.1-3.2)** | **130,783.19** | **68,197.47** | **132,176.29** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 6,500.00 | 4,900.55 | 9,613.29 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **137,283.19** | **73,098.02** | **141,789.58** |
| 3.6 | Staff Expenses | 10,857.61 | 4,708.05 | 10,223.78 |
| 3.7 | Other Operating Expenses | 4,289.76 | 2,094.30 | 5,940.40 |
| | **C. Operating profit Before Provision (B-3.6-3.7)** | **122,135.82** | **66,295.67** | **125,625.40** |
| 3.8 | Provision for Possible Loss | 24,876.68 | 12,221.61 | 6,793.90 |
| | **D. Operating profit (C-3.8)** | **97,259.14** | **54,074.06** | **118,831.50** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | 32,914.71 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **97,259.14** | **54,074.06** | **151,746.21** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| | **F. Profit Before Bonus and Taxes (E+3.11)** | **97,259.14** | **54,074.06** | **151,746.21** |
| 3.12 | Provision For Staff Bonus | 8,841.74 | 4,915.82 | 13,795.11 |
| 3.13 | Provision For Tax | 26,525.22 | 14,747.47 | 31,510.91 |
| | **G. Net Profit/Loss (F-3.12 -3.13)** | **61,892.18** | **34,410.77** | **106,440.19** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 33.85% | 35.07% | 42.83% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | ---- | ---- | ---- |
| 4.3 | Total Loan Loss Provision to total NPL | ∞ | ∞ | ∞ |
| 4.4 | Cost of Funds | 2.15% | 2.19% | 2.59% |

Note:
1. Loans and advances are presented on gross basis, loan loss reserve is included on other liabilities.
2. Above figures are subject to change upon otherwise instructions of Statutory audit / Supervisory authority.
3. As per regulatory requirement on presentation of financial statements, proposed 10% bonus shares (Rs. 52,000,000) of FY 2070/71 is presented under paid up capital.
4. Previous period figures have been regrouped/ rearranged wherever necessary.
5. Per share ratios has been calculated on number of outstanding paid up equity shares.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४
## (नियम २२ को उपनियम (२) सँग सम्बन्धित)
# आ.व. २०७१/०७२ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण:**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू:

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. २३।८० (वार्षिक) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु. १०१५।२६ |
| मूल्य आम्दानी अनुपात | ३१.५९ | तरलता अनुपात | ४२.४९% |
| प्रति शेयर नेटवर्थ | रु. ३१६।०० | पूँजीकोष अनुपात | ३३.८५% |

२. **व्यवस्थापकीय विश्लेषण**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण**

यस वित्तीय संस्थाको लगानी मौज्दात, आम्दानी तथा तरलताको अवस्था राम्रो रहेको छ। गत त्रैमासको भन्दा यस त्रैमासमा लगानीमा रहिरहेको कर्जा रु.३१ करोड ६४ लाखले बृद्धी भै रु.३ अर्ब ५२ करोड ६१ लाख पुगेको छ भने यस दोस्रो त्रैमाससम्ममा संस्थाले रु.९ करोड ७३ लाख संचालन मुनाफा आर्जन गर्न सफल भएको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजनाको सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण**

यस संस्थासंग कारोवार गरिरहेका र सम्भाव्य नयाँ साझेदार संस्थाहरु पहिचान गरी लघुवित्त सेवाको बिस्तार गर्ने कार्यलाई निरन्तरता दिने योजना रहेको छ। नयाँ अवसरहरुको पहिचान गरि योजनावद्ध रुपमा संस्थाको व्यवसाय बृद्धिका लागि आवश्यक कार्य योजना तर्जुमा गरी अघि बढ्ने छ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण।**

साझेदार संस्थाहरुको निरन्तर निरीक्षण तथा अनुगमनले कर्जा लगानीमा उच्च गुणस्तर कायम राख्न सकिएको छ। यसले संस्थाको नाफा बृद्धि भएको छ र संस्थाले राखेको लक्ष्यहरु हासिल गर्न सफल भएको छ त्यसै गरी आगामी दिनहरुमा पनि साझेदार संस्थाहरुको निरीक्षण तथा अनुगमन प्रभावकारी रुपमा गरिने छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भए नभएको।**

यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको विरुद्ध कुनै पनि मुद्दा दायर नभएको र यस वित्तीय संस्थाले पनि कुनै मुद्दा दायर नगरेको।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको।**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको।**

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा**

शेयर कारोबार खुल्ला बजारले प्रतिपादन गरेको मूल्य मान्यता अनुरुप हुने गरेको छ। यस संस्थाको शेयर कारोबार राम्रो भैरहेको तथा मूल्य उत्साहजनक रहेको छ।

(ख) **यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या।**

अधिकतम मूल्य: रु. ८१६ न्यूनतम मूल्य: रु. ६१८ अन्तिम मूल्य: रु. ७५२
कारोबार संख्या : १५३२ कारोबार दिन: ५७

५. **समस्या तथा चुनौती**

(क) **आन्तरिक समस्या तथा चुनौती**

साझेदार संस्थाहरुको संस्थागत क्षमता तथा अनुभव पर्याप्त नभएको कारणले लघुउद्दम ऋण (microenterprise loan) बजारको माग अनुसार प्रवाह हुन नसकेको देखिन्छ।

(ख) **बाह्य समस्या तथा चुनौती**

लघुवित्त क्षेत्रमा देखिएको तीव्र प्रतिस्पर्धा, ग्राहकमा दोहोरोपना तथा अधिक कर्जा प्रवाहको समस्याको कारणबाट साझेदार लघुवित्त संस्थाहरुको कर्जा एवं संचालन जोखिमबाट यस संस्थाको कारोवारमा भविष्यमा पर्न सक्ने असर चुनौतीको रुपमा रहेको छ।

(ग) **रणनीति**

संस्थाले साझेदार संस्थाहरुको आवश्यक क्षमतामा अभिबृद्धि गरि लघुउद्यम ऋण (microenterprise loan) को प्रवाह बढाउनेछ। साथै तालिम, गोष्ठी, संस्थागत परामर्श सेवा मार्फत लघुवित्त संस्था तथा सदस्यहरुलाई लघुवित्त क्षेत्रमा हाल देखिएका तथा भविष्यमा आउन सक्ने चुनौती तथा समाधानका उपायहरुबारे कार्यक्रम तथा गोष्ठीहरु मार्फत निरन्तर सजग गराउँदै आएकोमा भविष्यमा पनि त्यसलाई निरन्तरता दिईनेछ। नयाँ साझेदार संस्थाहरु बृद्धि गर्नुका साथै साझेदार संस्थाहरुको कर्जा, संचालन तथा वित्तीय जोखिम व्यवस्थापन तथा नियन्त्रण गर्नका लागि आवश्यक क्षमता अभिबृद्धिको कार्यक्रम संचालन गर्ने छ।

६. **संस्थागत सुशासन**

यस संस्थाले संस्थागत सुशासनलाई प्राथमिकता दिएको छ। नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं संस्थाको संचालक समितिबाट पारित नीति, नियमहरुलाई यस संस्थाले पालना गर्दै आएको छ। यस संस्थामा त्रैमासिक रुपमा आन्तरीक लेखापरीक्षण हुने गरेको र संस्थाको लेखापरीक्षण समितिले समय समयमा बैठक बसि आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सुझाव दिने गरेको छ। साथै संस्थाको जोखिम व्यवस्थापन उपसमितिको पनि त्रैमासिक रुपमा बैठक बसी संस्थाको कारोवारमा देखिएका जोखिमको पहिचान, मुल्यांकन र नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्दै आएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

RMDC

**रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.**
**पो.ब.नं. २०७८९, पुतलीसडक, काठमाडौं**
**फोन : ४२६८०१९, ४२६८०२०**
Email: rmdc@wlink.com.np, Website: www.rmdcnepal.com